# स्थानीय राजपत्र

खण्डः १०　　　　संख्याः　　　　मितिः२०८३/०३/१०


# भाग २

# राप्ती आधारभूत अस्पताल उपचार सेवामा छुट प्रदान गर्ने कार्यविधि, २०८३

कार्यपालिकाको बैठकबाट स्विकृत मिति २०८३।०२।३१


राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मसुरिया, दाङ
लुम्बिनी प्रदेश, नेपाल

प्रस्तावना

राप्ती आधारभूत अस्पतालको स्थापना तथा विकासमा योगदान पुऱ्याउने जग्गादाता, चन्दादाता, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, असहाय सडक मानव,बालबालिका,जेष्ठ नागरीक,विभिन्न लोकतान्त्रिक आन्दोलनका घाइते तथा शहीद परिवारलाई सम्मानस्वरूप तथा स्वास्थ्य सेवामा सहज पहुँच सुनिश्चित गर्न यो कार्यविधि जारी गरिएको छ।

## परिच्छेद–१

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यस कार्यविधिको नाम "उपचार सेवामा छुट प्रदान गर्ने कार्यविधि, २०८३" रहनेछ।

ख) यो कार्यविधि राप्ती गाँउकार्यपालिकावाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. उद्देश्य**

क) अस्पतालको विकासमा योगदान पुऱ्याउने व्यक्तिहरूलाई सम्मान प्रदान गर्ने।

ख) सामाजिक न्याय र समावेशी स्वास्थ्य सेवा प्रवर्द्धन गर्ने।

ग) असहाय तथा विपन्न वर्गको स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्ने।

घ) शहीद परिवार तथा आन्दोलनका घाइतेलाई सहुलियत प्रदान गर्ने।

३. परिभाषा

यस कार्यविधिमा:

क) "अस्पताल" भन्नाले राप्ती आधारभूत अस्पताललाई जनाउँछ।

ख) "समिति" भन्नाले अस्पताल व्यवस्थापन समितिलाई जनाउँछ।

ग) "जग्गादाता" भन्नाले अस्पताललाई जग्गा उपलब्ध गराउने व्यक्ति तथा निजको परिवारलाई जनाउँछ।

घ) "चन्दादाता" भन्नाले जग्गा प्राप्तीको क्रममा आर्थिक सहयोग गर्ने व्यक्ति वा संस्थालाई जनाउँछ।

## परिच्छेद-२

**४. लाभग्राहि समूह(अनुसूची-१ र अनुसूची-२ बमोजिमका)**

| क्र.स. | समुह | छुट | कैफियत |
|---|---|---|---|
| १ | निशुल्क जग्गादाता तथा नीजको परिवारका सदस्य १ जना | १००% | |
| २ | जग्गादाता तथा नीजको परिवारका सदस्य १ जना | ८०% | |
| ३ | चन्दादाता ५० हजार सम्म | १०% | |
| ४ | चन्दादाता ५० हजार देखि १ लाख सम्म | १५% | |
| ५ | चन्दादाता १ -३ लाख सम्म | २५ % | |
| ६ | चन्दादाता ३-५ लाख सम्म | ३५% | |
| ७ | चन्दादाता ५ लाख देखि माथी | ५०% | |
| ८ | असहाय र आश्रीत सडक मानव | १००% | |

| | | | |
|---|---|---|---|
| ९ | विभिन्न आन्दोलनका शहिद परिवार | १००% | |
| १० | महिला स्वास्थ्यस्वयंसेविका | ७०% | |
| ११ | ७० वर्ष माथिका जेष्ठ नागरीक | १००% | |
| १२ | अस्पतालमा कार्यरत कर्मचारी | ७०% | |

**५. छुट लाग्ने सेवाहरू:**

क) ओपीडी टिकट

ख) बेड शुल्क

ग) प्रयोगशाला सेवा

घ) एक्स-रे, ईसीजी लगायतका निदान सेवा

ङ) अस्पताल फार्मेसीबाट उपलब्ध औषधि

च) व्यवस्थापन समितिले तोकेका अन्य सेवा

**६. छुट नलाग्ने सेवाहरू:**

क) बाहिरी निकायबाट खरिद गरिने औषधि तथा सामग्री

ख) रेफर गरिएका विशेष सेवा

ग) स्वास्थ्य बीमा कार्यक्रमबाट भुक्तानी हुने सेवा

घ) व्यवस्थापन समितिले तोकेका अन्य सेवा

## परिच्छेद–३

**७. आवश्यक कागजात**

क) जग्गादाता प्रमाणपत्र वा अस्पतालको अभिलेख।

ख) चन्दादाताको प्रमाणपत्र ।

ग) स्वास्थ्यकर्मी परिचयपत्र ।

घ) स्वयंसेविका परिचयपत्र ।

ङ) वडा वा स्थानीय तहको सिफारिस (असहाय सडक मानवका लागि)।

च) आन्दोलनका घाइतेको प्रमाणपत्र ।

छ) शहीद परिवार परिचयपत्र वा शहिद परिवार भनि खुल्ने कागज ।

**८. कार्यान्वयन व्यवस्था**

क) लाभग्राहीले आवश्यक प्रमाण पेश गर्नुपर्नेछ।

ख) प्रशासन शाखाले प्रमाणीकरण गरेपछि छुट उपलब्ध गराइनेछ।

ग) विशेष अवस्थामा व्यवस्थापन समितिले थप सहुलियत दिन सक्नेछ।

## ९. अनुगमन तथा समीक्षा

कार्यविधिको वार्षिक समीक्षा अस्पताल व्यवस्थापन समिति तथा गाउँकार्यपालिकाले गर्नेछ ।

## १०. बाधा अड्काउ फुकाउने अधिकार

यस कार्यविधिको कार्यान्वयनमा समस्या आएमा वा संशोधन वा खारेज गर्न परेमा अस्पताल व्यवस्थापन समितिको सिफारीसमा गाँउकार्यपालिकाको कार्यलयले आवश्यक निर्णय गर्न सक्नेछ ।

## अनुसूची–१

**जग्गा दाता विवरणः**

| क्र.स. | जग्गादाताको नाम | ठेगाना | उपलब्ध गराएको जग्गा विवरण |
|---|---|---|---|
| १ | कुमारी माया आचार्य | राप्ती गा.पा.-५,दाङ् । | ३७२.४९ व.मि. |
| २ | झक बहादुर सारु | राप्ती गा.पा.-५,दाङ् । | ४२८.२७ व.मि. |
| ३ | मंगल प्रसाद चौधरी | राप्ती गा.पा.-५,दाङ् । | ५०६.०९ व.मि. |
| ४ | कालु प्रसाद चौधरी | राप्ती गा.पा.-५,दाङ् । | ६३.५७ व.मि. |
| ५ | देव प्रसाद चौधरी | राप्ती गा.पा.-५,दाङ् । | ६१.९६ व.मि./संयुक्त रुपमा |
| ६ | गोविन्द बहादुर कवर क्षेत्री | राप्ती गा.पा.-५ दाङ । | |
| ६ | मन्तुराम चौधरी | राप्ती गा.पा.-५,दाङ् । | ५१.३३ व.मि. |
| ७ | पल्टुराम चौधरी | राप्ती गा.पा.-५,दाङ् । | १०३.३७ व.मि. |

**अनुसूची-२**

**चन्दादाता विवरणः**

| क्र.स. | चन्दादाता नाम | ठेगाना | उपलब्ध गराएको रकम |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |

**आज्ञाले**
**देविराम पाठक**
**प्रमुख प्रशासकीय अधिकृत**